"कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन, र सञ्चार समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार"

# तिलागुफा नगरपालिका
## (Tilagupha Municipality)
## नगर कार्यपालिकाको कार्यालय
## (Office Of The Municipal Executive)
## गाल्जे,कालीकोट
## (Galje, Kalikot)

पत्र संख्या / Ref No:-२०८२/०८३
चलानी न /Dispatch No:- /सूचना नं. ३१

कर्णाली प्रदेश,नेपाल
Karnali Province, Nepal

तिलागुफा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गाल्जे,कालीकोट कर्णाली प्रदेश नेपाल २०७३

मिति : २०८३/०३/२६

### स्याउ ढुवानी निकासी सिफारिस सम्बन्धी अत्यन्त जरुरी सूचना

यस तिलागुफा नगरपालिका क्षेत्र भित्र उत्पादित स्याउ जिल्ला बाहिर ढुवानी तथा निकासी गर्दा स्थानीय उत्पादनको गुणस्तर प्रमाणीकरण गर्न र पारदर्शी व्यवस्थापन कायम गर्नका लागि अनिवार्य रूपमा स्थानीय तहको सिफारिस आवश्यक पर्ने भएकाले, स्याउ निकासी गर्न चाहनुहुने सम्पूर्ण सरोकारवालाहरूले निम्न बमोजिमको प्रक्रिया अपनाउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

**पालना गर्नुपर्ने प्रक्रियाहरू:**

- **निवदेन दर्ता:** स्याउ ढुवानी तथा निकासी गर्नुपूर्व कम्तिमा ३ दिन अगावै कृषक/व्यवसायीले परिमाण र गन्तव्य स्पष्ट खुलाई यस नगरपालिकाको कृषि सेवा केन्द्रमा रीतपूर्वकको निवेदन पेस गर्नु पर्नेछ।
- **प्राविधिक अनुगमन:** निवेदन दर्ता भइसकेपछि नगरपालिकाका प्राविधिक कर्मचारी (कृषि प्राविधिक) द्वारा स्थलगत रूपमा स्याउको गुणस्तर, परिमाण र रोग/किराको अवस्थाबारे अनुगमन तथा निरीक्षण गरिनेछ।
- **सिफारिस पत्र जारी:** प्राविधिक टोलीको अनुगमन प्रतिवेदन र सिफारिसका आधारमा नियमानुसारको राजस्व जम्मा गरेपश्चात मात्रै कार्यालयबाट आधिकारिक ढुवानी निकासी सिफारिस पत्र प्रदान गरिनेछ।

२०८३/०३/२६
.................
**गोविन्द भट्ट**
**कृषि विकास अधिकृत**

२०८३/०३/२६
.................
**विष्णु प्रसाद काफ्ले**
**प्रमुख प्रशासकीय अधिकृत**

Website: www.tilaguphamun.gov.np email Id: prashasan.tilagupha2073@gmail.com